लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्वु
१ नं. प्रदेश, नेपाल

प.सं.: ०७६/०७७
च.नं.:

मिति:-२०७७/०२/२

# सुचना! सुचना!! सुचना!!!

प्रस्तुत विषयमा जिल्लागत विपद व्यवस्थापन समिति (District Crisis Management Center) को मिति २०७६/०१/३१ गतेको बैठक निर्णय अनुसार यस जिल्लाबाट जारी हुने सवारी पासका सम्बन्धमा देहायको सुचना लेखिआएको हुँदा यो सुचना जनहितमा जारी गरिएको छ।

१. मिति २०७७/०१/३० गते सम्म यस जिल्ला प्रशासनबाट विभिन्न प्रयोजनका लागी जारी गरिएका ई-पास लगायतका सम्पुर्ण सवारी पासहरु खारेज गर्ने।

२.एक जिल्लाबाट अर्को जिल्ला जाने गरी अत्यावश्यक कामका लागी पास जारी गर्नु पर्ने अवस्था भएमा उपत्यका बाहिरका जिल्लाहरुको हकमा पास जारी गर्ने जिल्लाले पुग्ने जिल्लाका प्रमुख जिल्ला अधिकारीको स्वकृतिमा मात्र पास जारी गर्ने।

३.यस जिल्लाबाट काठमान्डौं उपत्यका प्रवेश गर्नका लागी पास जारी गर्नुपर्ने अत्यावश्यक भएमा गृह मन्त्रालयमा पास जारी गर्नको प्रयोजन र पुष्टयाई समेत खुलाई स्वीकृतिका लागी अनुरोध गर्ने र गृह मन्त्रालयबाट स्वीकृत भएमा प्राप्त स्वीकृत नम्बर उल्लेख गरी पास जारी गरिने।

४.जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएका पास बिना यस जिल्लाबाट अर्को जिल्ला जाने गरी सवारी आवागमन भए/गरेको पाईएमा त्यस्तो सवारी आवागमनमा रोक लगाउने।

.............................................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकिय अधिकृत